# धरान उपमहानगरपालिका

## स्थानीय राजपत्र

खण्डः १ धरान उपमहानगरपालिकाद्वारा प्रकाशित संख्याः ९

मितिः २०७५।०२।०१

**भाग २**

**धरान उपमहानगरपालिका**

# उद्योग प्रवर्द्धन समितिको कार्यविधि, २०७५

आज्ञाले

सुदेव कुमार पोखरेल

नि. प्रमुख प्रशासकिय अधिकृत

**प्रस्तावना**

धरान उपमहानगरपालिकाले धरान क्षेत्र भित्र रहेका उद्योगहरुको पहिचान गरी उक्त उद्योगहरुलाई पूर्ण क्षमतामा सन्चालन गर्न के कस्ता कदमहरु चाल्न उपयुक्त हुन्छ सो को लागि सुझाव दिने, यस क्षेत्रमा कस्ता उद्योगहरुको स्थापनाको खाँचो छ सो को पहिचान गर्ने, उपयुक्तताको आधारमा निजी क्षेत्रसँगको सहकार्यमा उद्योगहरुको स्थापना गर्न सुझाव दिने, उद्योग र व्यापार वीचमा समन्वय गर्न आवश्यक सल्लाह दिने, औधोगिक क्षेत्रको पर्याप्तता आदिको वारेमा अध्ययन गरी थप क्षेत्र आवश्यक भएमा सो को लागि सुझाव दिने, उद्योगहरुलाई आवश्यक दक्ष जनशक्ति तयारी गर्न आवश्यक तालिमहरुको पहिचान तथा सन्चालन गर्ने लगायतका कार्यवाट रोजगारीको व्यापक श्रृजना गर्ने । साथै यस क्षेत्रमा हाल कायम उद्योगहरुको पूर्ण क्षमतामा सन्चालन र नयाँ उद्योगहरुको स्थापनाले नगरको आर्थिक समृद्धिमा टेवा पुग्ने मात्र नभई, राजश्वमा वृद्धि, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनमा समेत टेवा पुग्ने र बैदेशिक रोजगारीको परनिर्भरतामा केही हदसम्म कमी आई सामाजिक विसंगतिको समेत न्यूनीकरण हुने विश्वासका साथ यो कार्यविधि धरान उपमहानगरपालिकाको कार्यपालिका बैठकवाट पारित गरी लागू गरीएको छ ।

(१) यो समितिको नाम “उद्योग प्रवर्द्धन समिति” रहेको छ ।

(२) यस समितिमा सबै सदस्यहरु धरान उपमहानगरपालिकाको कार्यपालिका बैठकबाट मनोनित हुने छन् ।

तर यो नियमावली लागू हुँदाका वखत कायम सदस्यहरु यसै नियमावली वमोजिम नियुक्त भएको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता संयोजकले वा संयोजकको अनुपस्थितिमा संयोजकले तोकेको सदस्यले गर्ने छन् ।

(४) **समितिको कार्य क्षेत्र :-** धरान उपमहानगरपालिकाको सम्पूर्ण भौगोलिक क्षेत्र रहनेछ । साथै धरान उपमहानगरपालिकाको अनुमतिले उपमहानगरपालिकाको क्षेत्र बाहिर गई अन्य महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउपालिकामा समेतमा उक्त स्थानीय निकाय समेतको सहकार्यमा समितिको प्रतिनिधित्व गर्न वा कार्य गर्न वाधा आउने छैन् ।

(५) **समिति गठनको उद्धेश्य :**

(क) उपमहानगरपालिका क्षेत्र भित्रका उद्योगहरुका संभावना, समस्या तथा चुनौतीहरुको पहिचान गर्ने ।

(ख) वाहय् लगानीको संभावना पहिचान गर्ने ।

(ग) उद्योग प्रवर्द्धन र सहजीकरणको लागि प्रयास गर्ने ।

(घ) उद्यमशीलता विकासमा प्रोत्साहन तथा सहजीकरण गर्ने ।

(ङ) समस्या समाधानका लागि उपमहानगरपालिकामा समन्वय गर्ने तथा गराउने ।

(च) पि.पि.पि. मोडलको संभाव्यता पहिचान गर्ने ।

(छ) उपमहानगरपालिकामा संभाव्य ठूला आयोजनाको प्रारम्भिक अध्यन प्रतिवेदन तयार पारी Project Bank स्थापना गर्ने ।

(ज) उपलब्ध रोजगार तथा रोजगारदाता जनशक्ति सम्बन्धी अध्ययन गर्ने र आवश्यक दक्ष जनशक्ति तयार गर्न उचित तालिमको पहिचान गरी शिफारिस गर्ने ।

(झ) उद्योग प्रवर्द्धन तथा ब्यवस्थापन कार्यको लागि यथोचित स्थानको खोजी, पहिचान गरी, सम्भाब्यता भएका स्थानको सिफारिश गर्ने ।

(ञ) कृषि उत्पादकत्व वृद्धि गरी व्यवसायीकरण र बजारीकरण गर्न आवश्यक राय सल्लाह प्रदान गर्ने ।

(ट) महिला तथा तोकिएको लक्षित समुदायमा उद्यमशीलताको विकास गर्न गर्नुपर्ने कार्यको पहिचान गरी शिफारिस गर्ने ।

(६) **कार्य गर्ने क्षेत्र :**

(क) घरेलु कथा कुटीर उद्योग ।

(ख) सानो तथा मझौला उद्योग ।

(ग) कृषि उत्पादन, उत्पादकत्व र बजारीकरण ।

(घ) औद्योगिक क्षेत्रको विकास ।

(ङ) कृषि बजार ।

(च) आधारभूत संरचनाको निर्माण ।

(छ) सेवा तथा पर्यटन उद्योग ।

(ज) अनुसन्धान र प्रशिक्षण ।

माथिका कार्य गर्न देहाय वमोजिमका थप कार्य गर्न सक्ने :

(क) उद्यमीहरुलाई आवश्यकता बमोजिम निशूल्क सल्लाह तथा सुझाव दिने ।

(ख) उद्योग तथा व्यवसाय सञ्चालनमा आउने स्थानीयस्तरका समस्या समाधान गर्न पहल गर्ने ।

(ग) उद्योग प्रवर्द्धनको लागि वार्षिक वजेटको तर्जुमा गर्ने र स्विकृतिको लागि उपमहानगरपालिकामा पेश गर्ने ।

(घ) उपमहानगरपालिकाको वार्षिक बजेटमा उद्योगसँग सम्बन्धीत राजश्वको निर्धारणमा सुझाव पेश गर्ने ।

(ङ) हाल विभिन्न क्षेत्रसँग सम्बन्धीत उद्योगिहरुले भोग्नु परेका समस्याहरुको पहिचान गरी सो को दिर्घकालीन समाधानको लागि सुझाव दिने ।

(च) कृषि बजार तथा औद्योगिक क्षेत्रको विकास र विस्तारको लागि सल्लाह सुझाव दिने ।

(छ) विभिन्न प्रकारका प्रशिक्षण तथा व्यवसायसँग सम्बन्धित जानकारीमूलक कार्यक्रम सन्चालन गर्ने ।

(ज) महिला उद्यमी तथा लक्षित वर्गमा उद्यमशिलताको विकास सम्बन्धी कार्यक्रम पहिचान गरी सन्चालन गर्ने ।

(झ) ठूला आयोजनाको छनौट र प्रारम्भिक अध्ययन प्रतिवेदन तयार गरी एउटा Project Bank स्थापना गर्ने ।

(ञ) स्थानीय उत्पादनको बजारीकरणमा सहयोग गर्न आवश्यक सल्लाह प्रदान गर्ने ।

(ट) धरान नगरक्षेत्र भित्र सञ्चालित सबै प्रकारका उद्योग तथा व्यवसायहरुको प्रवर्द्धनका लागि आवश्यक नीति नियम तथा निर्देशिका निर्माण तथा बार्षिक नगर कार्ययोजना बजेट निर्माण कार्यमा नगरपालिकालाई सहयोग पुर्याउने ।

(ठ) लघु, घरेलु तथा साना उद्योगको प्रविधि सेवा, क्षमता विकास, बजार पहुँच तथा अन्य पूर्वाधारहरुमा संस्थागत टेवा पुग्ने र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुने कार्यक्रममा सहयोग पुऱ्याउने ।

(७) **<u>बित्तीय स्रोत :</u>** कार्यक्रमको स्वरुप हेरी वित्तिय आवश्यकता परिपूर्तिको निमित्त, उपमहानगरपालिकालाई अनुरोध गर्ने र स्विकृत बजेट भित्र रही कार्यक्रम सन्चालन गर्ने ।

(क) धरान उपमहानगरपालिकाले यस समितिसँग सम्बन्धित कार्यको लागि विनियोजित रकम र अन्य स्रोतबाट समय समयमा समितिलाई उपलव्ध हुने रकमहरुबाट कार्यकमहरु सन्चालन गर्ने ।

(ख) एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी बचेको रकम अर्को आर्थिक बर्षमा उपमहानगरपालिकाको नियम बमोजिम कार्यकम बनाई खर्च गर्ने ।

(ग) स्विकृत प्रस्तावित खर्च द्धारा सञ्चालित कार्यकमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(घ) कोषबाट खर्च भएको रकमको हिसाब किताब उपमहानगरपालिकाबाट स्वीकृत लेखा प्रणाली बमोजिम राख्ने ।

(ङ) लघु, घरेलु तथा साना उद्योगको लगायत अन्य व्यवसायको र सो सम्बन्धी संघको विकासमा सहयोग पुऱ्याउने तथा संस्थाहरुलाई आवश्यक वित्तीय स्रोत जुटाउन सल्लाह सुझाव प्रदान गर्ने ।

(च) लघु, घरेलु तथा साना उद्योगको विकास र त्यससँग सम्बन्धीत अन्य कार्यहरुको पहिचान गरी सुझाव पेश गर्ने ।

(८) **निर्णय :** समितिको निर्णय सर्वसम्मत्बाट गरीने छ । तर कुनै सदस्यको निर्णयमा विमति रहेमा निजको राय सहित सुझाव पेश गर्ने ।

(९) **पदावधि :** समितिका सवै सदस्यहरुको पदावधि उपमहानगरपालिकाको कार्यालयले इच्छाए अनुसार हुनेछ । सोही अनुसार समितिमा थपघट र विघटन गर्न सकिने छ ।

(१०) **लागू हुने मिति :** यो कार्यविधि धरान नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुने छ ।

प्रमाणीकरण गर्नेः

दस्तखतः

नाम, थरः सुदेव कुमार पोखरेल

पदः प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७५।०१।२६